तिमीहरू सत्य बोल्ने गर, किनकि सत्यले धर्मको बाटो तर्फ डोर्याउँछ र धार्मिकताले स्वर्गमा पुर्याउँछ

अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरू सत्य बोल्ने गर, किनकि सत्यले धर्मको बाटो तर्फ डोर्याउँछ र धार्मिकताले स्वर्गमा पुर्याउँछ। मानिस निरन्तर सत्य बोल्छ र सत्यको खोजीमा रहन्छ, यहाँसम्म कि ऊ अल्लाहकहाँ ‘सिद्दीक’ (सत्यवादी) लेखिन्छ। तिमीहरू
झूटबाट बच, किनकि झूटले पापको बाटो देखाउँछ र पापले नरकमा लैजान्छ। मानिस निरन्तर
झूट बोल्छ र झूटमै लागिरहन्छ, यहाँसम्म कि ऊ अल्लाहकहाँ ‘झूटा’ लेखिन्छ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सत्य बोल्न आदेश दिनुभएको छ, किनकि सत्यले असल कर्मतर्फ मार्गदर्शन गर्छ, र धार्मिकताले असल काममा दृढ रहने व्यक्तिलाई स्वर्गतर्फ पुर्याउँछ भनी उहाँले स्पष्ट गर्नुभएको छ। मानिस बाह्य तथा आन्तरिक रूपमा सधैं सत्यनिष्ठ र इमानदार रहिरहँदा, अन्ततः उसले ‘सिद्दीक’ भन्ने उपाधि प्राप्त गर्छ। ‘सिद्दीक’ भन्नाले इमानदारीको सर्वोच्च स्थानलाई जनाउँछ। त्यसपछि उहाँले मिथ्या र असत्य बोल्ने बानीबारे चेतावनी दिनुभयो; किनभने यसले सत्य र निष्ठाबाट टाढा लैजान्छ तथा दुष्टता, पाप एवं अनैतिकतातर्फ धकेल्छ, जसको अन्तिम परिणाम नर्क हो। मानिस निरन्तर झूट बोल्दै जान्छ, यहाँसम्म कि ऊ अल्लाहको लेखमा 'महाझूटा' (कज्जाब) भएको लेखिन्छ।

http://www.sunnah.global/hadeeth/ne/show/5504